४. बुढीखोला नदि नियन्त्रण (मेट्रिक्स छेउ) इटहरी ४ रु. २,००,०००।- (दुई लाख) (नदि नियन्त्रण शिर्षकबाट बिनियोजन गर्ने)

५. परिवार नियोजन छेउ ग्राभेल इटहरी ५ रु. ६०,०००।- (साठी हजार) (सडक ग्राभेल शिर्षकबाट बिनियोजन गर्ने)

६. मिलन मार्ग कालोपत्रे मर्मत इटहरी ६ रु. १,५०,०००।- (एक लाख पचास हजार) (डिपिआर शिर्षकबाट रकम छुट्याई योजना संचालन गर्ने)

७. बिर नारायण मार्ग कालोपत्रे इटहरी १० रु. १,४०,०००।- (एक लाख चालिस हजार) (डिपिआर शिर्षकबाट रकम छुट्याई योजना संचालन गर्ने)

(ग) उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुमा साविकका ४ वटा गा.वि.स.हरुमा रहेका वडाहरुमा कालोपत्रे गर्दा उपभोक्ता समितिबाट २५ प्रतिशत मात्र लागत सहभागीता जुटाउनु पर्ने, उपभोक्ता समितिबाट आफ्नै लागत सहभागीतामा योजना संचालन भई सकेका स्थानमा चालु आ.व. मा सोही स्थानमा योजना संचालन गर्दा उपभोक्ता समितिबाट २५ प्रतिशत लागत सहभागीता जुटाउनु पर्ने साथै चालु आ.व. मा उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुमा बाटोको कुनै एक साइड तर्फबाट सार्वजनिक जग्गा, खोला, विद्यालय, सरकारी जग्गा भएको स्थानमा समेत उपभोक्ता समितिबाट २५ प्रतिशत मात्र लागत सहभागीता जुटाउनु पर्ने निर्णय गरियो ।

(घ) इटहरी उप-महानगरपालिका वडा नं. १७ सिप्रदी अगाडी कल्भर्ट निर्माणका लागि रु. ८,००,०००। आठ लाख बिनियोजन भएकोमा सो रकमबाट उक्त कार्य सम्पन्न हुन नसक्ने हुँदा उक्त स्थानलाई इटहरी उप-महानगरपालिका वडा नं. १७ को जब्दी मन्दिर पेश्चिमको मूल बाटोमा २ वटा कल्भर्ट निर्माण गर्ने गरी योजना परिवर्तन गर्ने निर्णय गरियो ।

(ङ) इटहरी उप-महानगरपालिका वडा नं. १४ विशाल चोक भानु मार्गमा बिनियोजन भएको रु. ४०,००,०००। चालिस लाख रकमबाट योजना संचालन गर्दा उपभोक्ता पिछडिएको वस्ती तथा टोल भएकोले लागत सहभागीता जुटाउन कठिनाई भएकोले २५ प्रतिशत मात्र लागत सहभागीता जुटाएर योजना संचालन गर्ने निर्णय गरियो ।

(च) इटहरी उप-महानगरपालिका वडा नं. १४ टेंग्राखोलामा पुल निर्माणको लागि १० लाख बिनियोजन भएकोमा उक्त रकमले पुल निर्माण नहुने भएकोले सोही वडा नं. १४ को मन्दिर टोल जाने बाटोमा ड्रेन र ग्राभेलमा योजना परिवर्तन गरी योजना संचालन गर्ने निर्णय गरियो ।

(छ) इटहरी उप-महानगरपालिकाबाट गत आ.ब. ०७३।०७४ मा सम्पन्न भएका तपसिल अनुसारका योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

१. तालतलैया विकास तथा संरक्षण समिति इटहरी २, ३ रकम १,९८,०००। एक लाख अन्ठानब्बे हजार

२. नेपाल मगर संघ इटहरी २ रकम रु. ५८,८७४।५४ (अन्ठाउन्न हजार आठ सय चौहत्तर पैसा चौवन्न)

(ज) शिव मार्ग डेन निर्माण परिर्वतन गरी शिव मार्गमा ग्राभेल इटहरी १४

(झ) रामजानकी मार्ग इटहरी १६ को कालोपत्रेका लागि ५ लाख बिनियोजन भएकोमा उक्त योजना परिवर्तन गरी सोही ठाउँमा ड्रेन निर्माण गर्ने निर्णय गरियो ।

(ञ) नेपाल मार्ग इटहरी ८ को ड्रेन निर्माणका लागि ५ लाख बिनियोजन भएकोमा उक्त बाटोमा ड्रेनको सट्टामा प्रोटेक्सन वाल बनाउने निर्णय गरियो ।

निर्णय नं. १४

इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.-१, सुनसरी, नेपाल स्था. २०७३

नि० प्रमुख प्रशासकीय अधिकृत